# रावा बेसी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
हरमटार कुभिण्डे, खोटाङ
१ नं प्रदेश, नेपाल

Website : rawabesimun.gov.np


पत्र संख्या :-०७९।०८०
चलानि नं.: 645

**बहुक्षेत्रीय पोषण योजना अन्तर्गत महिला समूहमा आय-आर्जनका लागि अनुदान सम्बन्धी १५ दिने सूचना**
**प्रथम पटक सूचना प्रकाशित मिति २०७९।०९।२६**

यस रावा बेसी गाउँपालिकाको आ.व.२०७९।८० मा संचालित कार्यक्रम बहुक्षेत्रीय पोषण योजना अन्तर्गत महिला सहकारी वा समूहमा अनुदान वितरणका लागि यस रावा बेसी गाउँपालिका क्षेत्र भित्र रहेका महिला समूहमा अनुदान वितरण गर्ने कार्यक्रम रहेकोले तपशिलको शर्त बमोजिम रहने गरी प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

## क) प्रस्ताव छनोटको आधार

१, स्थानीय तह भित्र रहेका दलित तथा जनजाती समूदायमा क्रियाशिल साविक महिला विकास कार्यक्रमबाट महिला समूह मध्ये सुनौलो हजार दिनका घर परिवारलाई फाईदा पुग्ने समूहलाई प्राथमिकता दिईनेछ ।

२, स्थानीय तहमा उत्पादन भएका वस्तुहरुको उपयोग र परिवार तहकै जनशक्ति प्रयोग गरी व्यावसाय सन्चालन गरिने प्रस्तावालाई पहिलो प्रथामिकतामा राखिनेछ ।

३. बहुक्षेत्रीय पोषण योजनाबाट प्राप्त अनुदानको रुपमा परिचालित हुने पर्तिवद्धता भएका प्रस्तावलाई प्राथमिकता दिईनेछ ।

४. महिला समूहको हकमा २५ जना सम्म सदस्य भएको र प्रचलित कानुन् बमोजिम सम्बन्धित स्थानीय तहमा दर्ता भई वार्षिक रुपमा नविकरण भएको हुनु पर्नेछ ।

## ख) प्रस्ताव छनोटको मापदण्ड

१, विपन्न समुदायका महिलाहरुको पूर्ण सहभागिता र नेतृत्वमा स्थानीय तह भित्र सन्चालनमा रहेका महिला समूह मध्येबाट कुनै एउटा समूह छनोट गरिनेछ ।

२, स्थानीय तहमा महिला विकस कार्यक्रम अन्तरगत गठन भई विधी संगत दर्ता भएका र वार्षिक रुपमा नविकरण भएका समूहलाई प्रथमिकतामा राखिनेछ ।

३, अनुदान प्राप्त गर्ने महिला समूहले सामुदायीक वा व्यक्तिगत रुपमा व्यावसाय सन्चालनका क्रियाकलापहरु गर्ने व्यावस्था मिलाउनु पर्ने छ । हाल सम्म अनुदान प्राप्त नभएको समूहलाई प्राथमिता दिईनेछ ।

४. प्रस्ताव तयार गर्दा रु ६२५०००।-(अक्षेर रुपी छ लाख पच्चिस हजार मात्र) को प्रस्ताव तयार गर्नु पर्ने छ ।

**नोटः थप जानकारीको लागि रावा बेसी गाउँपालिकाको पोषण सहजकर्ता श्री श्याम बहादुर राना ९८६२६१८८२९ मा सम्पर्क गर्नु हुन ।**

दिनेश कुमार राई
प्रमुख प्रशासकीय अधिकृत